नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग

# कारागार कार्यालय,इलाम

प्रशासन शाखा

फोन/फ्याक्स नं. ०२४-५२३०६९
मोवाईल नं. ९८५२६२३७७७
इ-मेल: ilam.it@dopm.gov.np
Ilam.jailor@dolpm.gov.np

कोशी प्रदेश,इलाम

पत्र संख्या:- २०८२/८३
च.नं. ६४८

मिति:२०८२/०६/२८
नेपाल संवत:११४५

**विषय:- सूचना प्रचार प्रसार गरिदिने बारे।**

श्री स्थानिय तह सबै,
इलाम ।

प्रस्तुत विषयमा मिति २०८२/०५/२३ र २४ गतेको असामान्य अवस्थाका कारण देशका बहुसंख्यक कारागारबाट कैदीबन्दीहरु फरार भएको विषय अवगत नै रहेको छ ।
यसै सन्दर्भमा इलाम कारागारबाट कुनै पनि कैदीबन्दीहरु फरार नभएका भएता पनि अन्य विभिन्न कारगार कार्यालयहरुबाट फरार रहि इलाम जिल्लामा लुकिछिपी बसेको हुन सक्ने अवस्था रहन्छ ।साथै फरार कैदीबन्दी खोजि तथा पक्राउ अभियान संचालन गरि फिर्ता ल्याउनको लागि नेपाल सरकार, गृह मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०८२/०६/१० गते हरेक जिल्ला कार्यदल गठन गर्ने निर्णय भए अनुसार इलाम जिल्लामा समेत सोहि कार्यदिश बमोजिम कार्यदलको गठन गरि मिति २०८२/०६/१२ गते सूचना प्रचार प्रसार गर्ने भनि निर्णय भए बमोजिम जिल्ला प्रशासन कार्यालय इलामबाट सोहि दिन सूचना समेत प्रकासन भएको छ ।उक्त सूचनाको विवरण यसै पत्र साथ संलग्न रहेको छ उक्त सूचना तँहा स्थानिय तहको Website, सूचना पाटी, वा अन्य कुनै सामाजिक संजाल मार्फत सूचना प्रचार प्रसार गरिदिनु हुन अनुरोध छ ।

..............................
(मधुर नेपाली)
कारागार प्रशासक

कारागार प्रशासक

बोधार्थ:
श्री जिल्ला प्रशासन कार्यालय, इलाम
जानकारीको लागी अनुरोध छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎०२७-५२०१२५
☎ ०२७-५२३९८८
email: cdoilam@gmail.com

पत्र संख्याः-०८२।०८३
चलानी नम्बरः

मितिः२०८२/०६/१२
ने.सं. ११४५

## फरार कैदीबन्दीहरु सम्पर्कमा आउने सम्बन्धमा अत्यन्त जरुरी सूचना ।

मिति २०८२ भदौ २३ र २४ गते जेन-जी (Gen-Z) युवाहरुको अगुवाइमा भएको आन्दोलनको क्रममा देशका विभिन्न स्थानमा रहेका कारागारहरुबाट बाहिर निस्किएका र हाल सम्म पनी उक्त कारागारमा फिर्ता नभइ फरार रहेका कैदीबन्दीहरु/बालबन्दीहरु अविलम्ब आफू बसेको कारागार कार्यालय वा बाल सुधार गृह वा नजिकको प्रहरी चौकीमा सम्पर्कमा आउनुहुन सूचित गरिन्छ ।

यस विषयमा कसैले कैदीबन्दीहरु/बालबन्दीहरु लुकाउने, छिपाउने वा आश्रय दिएको पाईएमा उक्त आश्रय दिने व्यक्तिलाई समेत कसुरदार ठानी प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ । साथै कारागार ऐन, २०७९ र प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

साथै भागेका कैदीबन्दीहरु/बालबन्दीहरुको सम्बन्धमा कोही कसैलाई जानकारी भएमा तपसील बमोजिमको ठेगानामा/टेलिफोन नम्बरहरुमा जानकारी गराई बन्दीहरुलाई कारागारमा फर्काउने कार्यमा सहयोग गरिदिनुहुन निजहरुको परिवार, समुदाय, नागरिक समाज, पत्रकार, व्यवसायी लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक अनुरोध गरिन्छ ।

कैदीबन्दीहरुको जानकारी गराई खोजिकार्यमा सहयोग गर्नुहुने महानुभावहरुको पहिचान गोप्य राखिने व्यहोरा समेत अनुरोध छ ।

### तपसील

जिल्ला प्रशासन कार्यालय, ईलाम - ईमेल ठेगाना cdoilam@gmail.com , फोन नं. ०२७-५२३९८८
सहायक प्रमुख जिल्ला अधिकारी - फोन नं. ९८५२६८५१९९
जिल्ला प्रहरी कार्यालय, ईलाम - फोन नं. ०२७-५२००२४, ९८५२६९००३०, १००
सशस्त्र प्रहरी बल, इलाम - फोन नं. ०२७-५२१६७८, ९८५१२७२२४२
राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, इलाम - फोन नं. ९८५२६२०२४६
कारागार कार्यालय, ईलाम - ईमेल ठेगाना ilam.it@dopm.gov.np, फोन नं. ०२७-५२३०६९, ९८५२६२३७७७

भोलानाथ गुरागाई
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी